भीरकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

# आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

नगरपालिकाका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यज्यूहरू,
नगर सभाको बाह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

भीरकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बाह्रौं बैठक प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि २००७ साल देखि भएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नगरपालिकाको समृद्धि र विकासका लागि नेपालको संविधान, संघीय तथा प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको कार्यान्वयन र पालना प्रचलित कानुनद्वारा निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरूको रचनात्मक सहयोग र सुझाव प्राप्त हुने कुरामा विश्वस्त छु ।

**नगरसभा सदस्यज्यूहरू,**

सीमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्वाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित भीरकोट नगरपालिका अगाडि बढीरहेको अवस्थामा देशमा आइरहेको आर्थिक मन्दिको कारण ३ वटै सरकारले लक्ष्य अनुसार राजश्व असुल गर्न नसकेको विद्यमान परिस्थितिमा चालु आर्थिक वर्ष २०७९/८० मा हामीले हासिल गरेका केही महत्वपूर्ण उपलब्धिहरूलाई यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपाल सरकार संघीय समपुरक अनुदान शीर्षकमा प्राप्त रकम र नगरपालिकाको संयुक्त लगानीमा बयरघारी-थालेखर्क-रिपमैदान सडक स्तरोन्नति रु. १ करोड ६० लाख विनियोजन गरी कार्य प्रारम्भ गरिएकोमा उक्त योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

२. नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोरलाई व्यवस्थित रूपमा संकलन गरी मोहरमा परिणत गर्ने कार्यक्रम अनुसार व्यवस्थित सरसफाई केन्द्र र सो को परिसरमा पार्क निर्माण भएकोमा सरसफाई केन्द्रबाट पुनः प्रयोगमा आउने सामानको बिक्री र पार्क प्रवेश शुल्क वापत प्राप्त रकमवाट नगरपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न सहयोग पुगेको ।

३. उपभोक्ताहरुलाई सहज रुपमा गुणस्तरीय नदीजन्य निर्माण सामग्री उपलव्ध गराउने र नगरपालिकाको आन्तरिक आम्दानी समेत वृद्धि गर्ने उद्देश्यले स्वीकृत प्रारम्भिक वातवरणीय परिक्षण (IEE) प्रतिवेदनमा तोकिएको स्थान र परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी भीरकोट नगरपालिका वडा नं १ फर्दवास क्षेत्रमा स्थापित ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनबाट नदीजन्य निर्माण सामाग्री प्रशोधन गर्ने कार्यलाई निरन्तरता दिइएको ।

४. आँधीखोला नदी नियन्त्रणको लागि नगरपालिकावाट रु. १ करोड विनियोजन गरी सो को काम सञ्चालन भई रहेको र गण्डकी प्रदेश र यस नगरपालिकाको सह–लगानीमा समेत आँधीखोला नियन्त्रणको काम भएको ।

५. छाङ्छाङ्दी छायाक्षेत्र मन्दिर, स्वरेक मैदान, गडहरे गुफा, भीरकोट सरसफाई केन्द्र लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरूमा आधारभूत पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट आगामी दिनमा नगरपालिकाको आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि हुने आधार तयार भएको छ ।

६. प्रदेश समपुरक र नगरपालिकाको संयुक्त लगानीमा मोहनडाँडा पखरे ओकादी सडक र बयरघारी-ओसेक-बानेथोक सडक स्तरोन्नति गर्ने कार्य अन्तिम चरणमा पुगेको ।

७. नगरपालिकाको नगर सडक यातायात गुरूयोजना (MTMP) निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट नगरक्षेत्रका सडकको मापदण्ड (Right of Way) तोक्न तथा सडक निर्माण कार्यलाई योजनावद्ध र व्यवस्थित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

८. भीरकोट नगरपालिका वडा नं. ८ को ओकादी, वडा नं. २ को केघा र वडा नं. ७ को खिलुङ क्षेत्रमा नगरपालिका र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को लागत साझेदारीमा होमस्टेको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको र व्यवस्थापनको लागि आवश्यक सामान उपलब्ध गराइएको ।

९. नगरपालिकाबाट बयरघारी-मोहनडाँडा-ठुलीभन्ज्याङ-पर्वत सडक र बयरघारी-बानेथोक-बिरुवा सडकमा बहुवर्षीय बोलपत्र आव्हान गरी निर्माण कार्य अगाडि बढाइएको ।

१०. नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूमा रहेका बाल विकास केन्द्रमा र कक्षा १ देखि ६ सम्म अध्ययनरत बालबालिकाहरूलाई नगरपालिका, अभिभावक र विद्यालयको साझेदारीमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको । यसले गर्दा बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास हुनुका साथै विद्यार्थीको विद्यालय आउने दरमा वृद्धि भएको छ ।

११. गत विगत वर्ष देखि गर्भवती महिलाहरूलाई अण्डा वितरण र विद्यालयमा अध्यनरत बालबालिकाहरूलाई नियमित रूपमा जुकाको औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको । फलस्वरुप गर्दा गर्भवती महिला र बच्चाको स्वास्थ्यमा गुणात्मक सूधार भएको छ ।

१२. नगरपालिकाको समन्वय, उपभोक्ता समिति र खानेपानी तथा ढल व्यवस्थापन विभागको सह–लगानी र नगर विकास कोषको ऋण लगानीमा बयरघारी सह–लगानी खानेपानी योजना निर्माण कार्य सम्पन्न भएको ।

१३. नगर क्षेत्र भित्र रहेका ५ वर्ष मुनिका सम्पुर्ण वालवालिकाहरुलाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गरी यस नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको ।

१४. नगरपालिकाबाट हाल सम्म करिब १५० जना सुत्केरी महिलाहरुलाई रु. ५००० का दरले सुत्केरी पोषण भत्ता उपलब्ध गराइएको ।

१५. नगरपालिका र प्रदेश सरकारको लगानीमा वडा नं. ३ मा करिब १४० घरपरिवारले उपभोग गर्ने सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजना निर्माणको कार्य सम्पन्न हुने चरणमा पुगेको छ । यसबाट त्यस क्षेत्रका दलित तथा जनजाती बस्तीमा स्वच्छ पिउनेपानी सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

१६. नगरपालिकाको वडा नं. १ हेलु स्थित कालिका सामुदायिक अस्पतालको स्वामित्व नगरपालिकालाई हस्तान्तरण भई उक्त अस्पताल भीरकोट नगर अस्पतालको रूपमा सञ्चालित छ । यस अस्पतालवाट गुणस्तरीय सेवा प्रदान गर्नको लागि संघीय र प्रदेश सरकारसँग समन्वय भई रहेको छ।

१७. पोषण कार्यक्रमको प्रवर्धनको लागि स्वास्थ्य संस्थाहरुमा पोषण सामाग्रीहरुको प्रदर्शन एवं पोषण कर्नरको स्थापना गरिएको ।

१८. नमुना विद्यालय कार्यक्रम अन्तर्गत रहेको भाग्योदय माध्यामिक विद्यालयको पुर्वाधार निर्माण एवं शैक्षिक गुणस्तर वृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको ।

१९. नगरक्षेत्र भित्रका अति विपन्न परिवारहरुलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सन्चालनको लागि पुर्वाधार तयार भएको ।

२०. नगरपालिकाको सम्पुर्ण वडाहरूको तथ्याङ्क सहितको डिजिटल प्रोफाइल (वस्तुगत विवरण) निर्माण कार्य सम्पन्न भएको छ । यसबाट नगरपालिकाको क्षेत्रगत तथ्याङ्क अद्यावधिक भई तथ्यमा आधारित नीति तथा योजना निर्माण गर्न सहज हुने अपेक्षा लिइएको छ ।

२१. नगरपालिकाका विभिन्न वडाहरूमा नगरपालिकाको स्वामित्वमा रहेका एक्साभेटर र ब्याक होइ लोडरबाट आवश्यकता अनुसार ग्रामीण सडकहरूको स्तरोन्नति गरिएको।

२२. भीरकोट नगरक्षेत्र भित्र उत्पादन हुने दुधको संकलन र प्रशोधन गर्न वडा नं. १ स्थित आँधीखोला पक्की पूल नजिकै दुध संकलन तथा प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भएको छ । दुध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न गाई भैंसी पकेट विकास कार्यक्रम सञ्चालन गरिएको ।

२३. नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमको आधारमा स्थानीय पाठ्यपुस्तक “हाम्रो भीरकोट” तयार गरी पठनपाठनको कार्यलाई निरन्तरता दिईएको ।

२४. समूहमा आबद्ध बिपन्न वर्ग तथा महिलाहरूलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर बनाउन विभिन्न किसिमका उद्यमशिलता सम्बन्धी तालिम प्रदान गरिएको ।

२५. शैक्षिक गुणस्तर कार्यक्रम अन्तर्गत २ वटा माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला र ३ माध्यामिक विद्यालयमा पुस्तकालय तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ विद्यालयहरुमा ICT ल्याब सञ्चालन गरिएको ।

२६. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको २ वटा विद्यालयहरुमा २ कोठे भवन निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको ।

२७. स्थानीय कानुनका रुपमा नगरपालिकाबाट हालसम्म ८ वटा ऐन र ३६ वटा नीति, नियम, कार्यविधि, निर्देशिका जारी गरी लागु गरिएको ।

२८. भीरकोट नगरपालिकको चल अचल सम्पत्ति PAMS प्रणालीमा प्रविष्टी गरी व्यवस्थित रुपमा अभिलेख राखिएको ।

२९. भीरकोट नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा भए पश्चात प्रत्येक वर्ष फागुन २२ गते वालमैत्री दिवस मनाउने गरिएको, बालमैत्री स्थानीय शासन वडा तथा नगर समिति गठन भई नियमित रुपमा वैठक वस्ने गरिएको साथै टोल बाल समुह, विद्यालय वालक्लव र वडा तथा नगर तथा बाल सञ्जाल सक्रिय रहेको ।

३०. नेपाल रेडक्रस सोसाइटी स्याङ्जाको आर्थिक एवं प्राविधिक सहयोगमा नगरपालिकाको वडा नं ५,६,७ र ८ मा विद्यालय खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गरिएको ।

३१. पढ्नको लागि कक्षा कोठा (Room To Read) र नगरपालिकाको साझेदारीमा पहिलो वर्षमा ५ वटा विद्यालय र दोस्रो वर्षमा थप ८ वटा विद्यालयमा पठन सीप कार्यक्रम सञ्चालन गरिएको ।

**नगरसभा सदस्यज्यूहरू,**

नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त र नीति नेपाल सरकारले अंगिकार गरेको समष्टिगत आर्थिक नीति, पन्ध्रौं राष्ट्रिय योजना, नगरपालिकाको आवधिक रणनैतिक योजना, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु, राजनैतिक दल, उद्योगी, व्यवसायी, निजी क्षेत्र र नागरिक समाज लगायतको सुझाव समेतको आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको हो ।

**"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार"** भन्ने मूल नारालाई आत्मसात गर्दै आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

## क) पुर्वाधार विकासः

१. चालु आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाको केन्द्र बयरघारी बजारबाट पूर्व र पश्चिम जोड्ने २ वटा रणनीतिक महत्वका सडक छनौट गरी सडक स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिएकोमा सो कार्यलाई आगामी आर्थिक वर्ष २०८०/८१ मा निरन्तरता दिइने छ ।

२. आफ्नो नाममा जग्गा तथा भवन नभएका वडा कार्यालयहरूको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ति र भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३. भीरकोट नगरपालिका भित्र पुर्वाधार निर्माणसँग सम्वन्धित आयोजना सन्चालन गर्दा अनिवार्य रुपमा नगरपालिकाको ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनबाट उत्पादित नदीजन्य निर्माण सामग्री अनिवार्य रुपमा प्रयोग गर्ने गराउने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।यसका लागि त्यस्ता आयोजनाले भुक्तानीका लागि विल पेश गर्दा नगरपालिकावाट उत्पादित सामाग्री प्रयोग भएको प्रमाण सहित बिल पेश गर्ने व्यवस्था मिलाईने छ ।

४. नगरपालिकावाट स्वीकृत गरिएको नगर सडक यातायात गुरूयोजना (MTMP) बमोजिम प्राथमिकता प्राप्त सडक योजनाहरू क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । नगर सडक यातायात गुरूयोजना (MTMP) आवश्यकताका आधारमा पुनरावलोकन गर्ने व्यवस्था मिलाइने छ ।

५. नगरपालिका क्षेत्रभित्र पुर्वाधारजन्य आयोजना सञ्चालन वा स्तरोन्नति गर्दा वातावरणीय प्रभावलाई न्युनीकरण गर्ने उपायहरूको अवलम्बन गरिनेछ।

६. नगरपालिकाको केन्द्रबाट सबै वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नति गरी निरन्तर सन्चालन हुने व्यवस्था मिलाइने छ ।

७. नगरक्षेत्र भित्र रहेका एक वा एक भन्दा बढी वडा समेट्ने गरी निर्माण भएका महत्वपूर्ण सडकहरूलाई क्रमशः स्तरोन्नति गर्नका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण कार्य अगाडि बढाईनेछ ।

८. नगरपालिका तथा संघीय सरकारको समन्वय तथा सहकार्यमा 'उज्यालो भीरकोट अभियान' अन्तर्गत नगरक्षेत्र भित्रका अत्यावश्यक स्थानमा सडक बत्ती/सौर्य बत्ती जडान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

९. बजार क्षेत्रभित्र पक्की सडक निर्माण गर्दा सम्बन्धित उपभोक्ताहरूले अनिवार्य लागत सहभागिता व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

१०. बयरघारी बजार र आसपासको क्षेत्रमा रहेका वस्ती योग्य स्थानहरू पहिचान गरी व्यवस्थित र वैज्ञानिक बस्ती विकासका लागि गुरूयोजना तयारी गर्ने कार्य अगाडि बढाईनेछ ।

११. नगरपालिकाको पहिचानको रूपमा रहेको आँधीखोला आसपासका खेतीयोग्य भूमीको संरक्षणको लागि व्यवस्थित तटवन्धन गर्नुको साथै आँधीखोलाको दुवै किनारमा हरित सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२. नगरक्षेत्रभित्र सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधारजन्य आयोजनाहरू निर्माण गर्दा रोजगारी सिर्जना हुने एवम् स्थानीय श्रम, सीप र प्रविधिको उपयोग हुने आयोजना पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरूलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१४. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण गर्दा यौनिक अल्पसंख्यकमैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिक तथा बालमैत्री हुने गरी विकास निर्माणका कार्यहरू अगाडि बढाउने व्यवस्था मिलाईनेछ ।

१५. नगरपालिकाबाट वार्षिक योजना तर्जुमा गर्दा आवधिक रणनैतिक योजनामा उल्लेखित दीर्घकालिन सौंच, लक्ष्य र उद्देश्य हाँसिल हुने गरी योजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाइने छ ।

१६. नगरपालिका तथा वडास्तरबाट आयोजनाहरू छनौट गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्तरबाट जनश्रमदान जुट्ने र दीगोपना भएका आयोजनाहरू छनौट गर्नका लागि प्रोत्साहित गरिनेछ ।

१७. नगरस्तरीय रिङ रोडमा रहेको छाङछाङदी, जन्तेढुङ्गा भीरकोट गौशाला दभुङठाटी डाँडाकोट केघा हेगडाँडा हेलु, खिलुङ्ग र स्वरेक सडकको स्तरोन्नति संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा अगाडि वढाउने कार्यलाई निरन्तरता दिइनेछ।

१८. पर्यटकीय पुर्वाधार निर्माणको प्रचुर सम्भावना रहेका स्वरेक मैदान, गडहरे गुफा, ओकादी र नारायणगिरी बाबा मन्दिर जस्ता पर्यटकीय स्थलहरुको पुर्वाधार निर्माणको लागि एकीकृत गुरूयोजना तयार गर्न संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

१९. सिमलचौर, पकान फाँट, झारखाम, गेझाबास, बलमाटा, मर्तमास, मझूवाफाँट, सिम्लेफाँट, झोलेङ्गेफाँट, कुडुले फाँट लगायतका खेतियोग्य फाँटहरूमा संघीय तथा

प्रदेश सरकारसँग सहकार्य गरी व्यवस्थित सिंचाई योजना सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

२०. नगरपालिका क्षेत्रमा रहेका खोलाहरूमा सडक, पुल तथा कल्भर्ट निर्माण गर्दा संघीय र प्रदेश सरकारको सहकार्यमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. नगरपालिका क्षेत्र भित्रका प्राविधिक रूपमा संभाव्य स्थानहरूमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाईनेछ ।

२२. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणसंग सम्बन्धित वडास्तरीय तथा नगरस्तरीय योजना तथा कार्यक्रमहरूमा निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न अनिवार्य रूपमा प्रशोधित ढुंगा, गिट्टी तथा बालुवा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

२३. भीरकोट नगरपालिकाको पहिचान र महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा रहेको सरसफाई केन्द्र तथा भीरकोट पार्क आसपासका क्षेत्रमा पर्यटकीय आकर्षण बढाइ नगरपालिकाको आय आर्जनमा समेत महत्वपूर्ण योगदान पुर्याउन सक्ने गरी उक्त स्थल वरिपरी पोखरी, ताल, पानीको फोहोरा र स्वीमिङ्ग पुल समेतका अन्य आयोजनाहरुको पहिचान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउन नगर विकास कोषसँग आवश्यक सहयोग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइने छ ।

२४. नगरपालिकाको वडा नम्बर ८ मा निर्माण भएका हेलीप्याडको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिने र अन्य वडाहरुमा पनि हेलीप्याड निर्माण गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।

२५. नगरपालिकाको मध्य भागमा अवस्थित आँधीखोला र आसपासको क्षेत्रमा ताल तलैया, पोखरी र पार्क निर्माण गरी नगरको सौन्दर्यता र आन्तरिक आम्दानी वृद्धि गर्ने कार्य अगाडि वढाइने छ ।

२६. नगर विकास कोषको सहकार्य, सहलगानी र ऋण सहयोगमा सन्चालन गर्न सकिने आयोजनाहरुको पहिचान गरी त्यस्ता आयोजनाहरु (पार्क, पोखरी, ताल, खानेपानी तथा ढल निकास, शहरी पूर्वाधारलाई बढावा दिने खालका सडक, बसपार्क, बहुउद्देश्यीय भवन

लगायत) को सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नगर विकास कोषसँग समन्वय गरिनेछ ।

२७. नगरपालिका क्षेत्रमा भएका सबै सडकहरुको मापदण्ड तोक्ने, त्यस्ता सडकहरुको लगत कट्टा तथा नक्शांकन गर्ने कार्यलाई अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

२८. नगर क्षेत्रमा भएको एकमात्र बसपार्क सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२९. भीरकोट नगर क्षेत्र भित्रको आँधिखोला करिडोरको स्तरोन्नतीको लागि प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।

**ख) सामाजिक विकासः**

३०. नगरपालिकामा स्थायी बसोबास गरेका र भीरकोट नगर अस्पताललाई उपचारको प्रथम सेवा बिन्दु राखी स्वास्थ्य बिमा गरेका अति विपन्न परिवारको निशुल्क स्वास्थ्य बिमा गर्नका लागि सफ्टवेयर जडान समेतका पुर्वाधार तयार भइ सकेको हुँदा आ.व. २०८०-८१ मा स्वास्थ्य बिमा कार्यक्रम शुरुवात गरिनेछ ।

३१. नगरस्तरीय स्वास्थ्य संस्थाहरूमा कम्तीमा आठ पटक गर्भजाँच गरेका र सुत्केरी पश्चात तीन पटक (पहिलो, तेश्रो र सातौं दिनमा) स्वास्थ्य जाँच गरेका नगरबासी सुत्केरी महिलालाई पोषण भत्ता वापत उपलब्ध गराउँदै आएको प्रसुति पोषणभत्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३२. नेपाल सरकारबाट सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनुका साथै गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्ष देखि सञ्चालनमा रहेका अण्डा गर्भवती महिलालाइ वितरण, महिला स्वास्थ्य स्वंयसेविका र आमा समूहको बैठक सञ्चालन सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

३३. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त र व्यवस्थित बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री थप गरी गुणस्तरीय सेवा उपलब्ध गराइनेछ । यसको लागि स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका विरामीहरूले प्रयोग गर्ने औषधी निःशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट क्यालसियम चक्की निःशुल्क रूपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३५. भीरकोट नगरपालिकाको आयुर्वेद सेवा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३६. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि अनुगमन संयन्त्र बनाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

३७. कालिका सामुदायिक स्वास्थ्य सेवा संस्थाको स्वामित्वमा रहेको कालिका सामूदायिक अस्पताल भीरकोट नगर अस्पतालको रूपमा भीरकोट नगरपालिकालाई हस्तान्तरण भएको हुँदा अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने थप दरवन्दी सहितको जनशक्ति र स्वास्थ्य उपकरणको व्यवस्थाका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

३८. नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूमध्ये वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्ति र बिरामीहरूलाई सम्बन्धित बैंकसँग समन्वय गरी सम्बन्धित वडाबाट घरघरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

३९. **ज्येष्ठ नागरिक उत्थान कार्यक्रम** अन्तर्गत नगर क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरूलाई एक आपसमा चिरपरिचित गराई उनीहरूको दिनचर्यालाई सहज र सरल बनाउनका लागि **'एक वडा, एक ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र'** निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

४०. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरूलाई घरदैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यस्तो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

४१. नागरिक आरोग्यता प्रवर्द्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे सचेतना कार्यक्रमहरु मार्फत नगरबासीलाई निरोगी बन्न प्रोत्साहित गरिनेछ।

४२. नगरपालिका क्षेत्र भित्र रहेका बालबालिकाहरूलाई एक आपसमा चिरपरिचित गराउन र फुर्सदको समयमा मनोरञ्जनको लागि 'एक वडा एक बाल उद्यान' निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

४३. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाति तथा भाषाभाषीहरूको मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराहरूको संरक्षण तथा प्रवर्धन गर्ने कार्य अगाडि बढाउने व्यवस्था मिलाईनेछ।

४४. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी संरक्षण गर्न उनीहरूको सीप तथा क्षमता अनुसारका सीप विकासका कार्यक्रमहरू अगाडि वढाईनेछ ।

४५. नगरक्षेत्रभित्र रहेका महिलाहरूको सीप तथा क्षमता विकास गरी सशक्तीकरण गर्नुको साथै स्वरोजगारका अवसर प्रदान गरिनेछ ।

४६. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समूहको उत्थान एवम् सशक्तीकरणका लागि आवश्यक पर्ने सीप तथा क्षमता विकास गरी त्यस्ता वर्ग तथा समूदायको परम्परागत पेशा तथा व्यवसायहरूको विशेष संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ लाइ आधार मानिनेछ ।

४७. नगरक्षेत्र भित्र जस्तापाता र खरको छाना भएका अतिविपन्न परिवारका नगरवासीहरुको घरको निशुल्क बिमा गर्ने कार्य अगाडि बढाइने छ ।

४८. समाजमा विद्यमान लैङ्गिक हिंसा र लागु पदार्थको दुर्व्यसनी लगायतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधीहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसंगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई घर परिवार र समाजमा पुनःस्थापित गर्ने व्यवस्था मिलाइनेछ ।

४९. नगरक्षेत्र भित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका बस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै एक घर एक धाराको अभियान सञ्चालन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

५०. शिक्षाको गुणस्तरमा सुधार, विद्यालय शिक्षाको सर्वसुलभता र निशुल्क शिक्षाको सुनिश्चितताको लागि सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

५१. भौगोलिक अवस्था, विद्यालयसँगको दुरी र समय, विद्यार्थीको उमेर र शारीरिक अवस्था, मौजुदा विद्यार्थी संख्या र दरबन्दी समेतलाई विचार गरी नगर क्षेत्रका विद्यालयहरुलाई एक आपसमा एकिकरण (मर्ज) गर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

५२. नगर क्षेत्र भित्रका विद्यालयहरुको संख्या, शिक्षकको दरबन्दी, विषयगत शिक्षकको उपलब्धता लगायत विषयलाइ मध्यनजर गरी नगर क्षेत्र भित्रका शिक्षकहरुको नगर क्षेत्र भित्र सरुवा तथा काज व्यवस्थापनका लागि भीरकोट शिक्षा ऐन-२०७५ मा आवश्यक संशोधन गरिनेछ ।

५३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा ५ वर्ष मुनिका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्दा अनिवार्य खोप कार्ड तथा जन्मदर्ताका आधारमा भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

५४. नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रमको आधारमा तयार गरिएको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक समयमै छपाई तथा वितरण गरी नगर क्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पठनपाठनको व्यवस्था मिलाईनेछ।

५५. सघन विद्यार्थी भर्ना अभियानको माध्यमबाट विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई निरन्तरता दिईनेछ ।

५६. नगरपालिका र सामुदायिक विद्यालयको लागत साझेदारीमा सामुदायिक विद्यालयको एउटा कक्षालाई नमुना कक्षा बनाई पठनपाठन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५७. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुको साथै विद्यार्थीहरूले अनुभव गर्ने खालका अतिरिक्त शैक्षिक कार्यक्रम सञ्चालन गरी उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने अवसर मिलाइने छ ।

५८. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा आवश्यक पर्ने विषय र क्षेत्रको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाका आधारमा अनुमति लिनका लागि सम्वन्धित निकायसँग समन्वय गरी प्रकृया अगाडि वढाइनेछ ।

५९. आधारभुत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडि १ वर्ष बाल विकास केन्द्रको अनुभव दिलाए पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

६०. बाल विकास केन्द्रको अध्ययन पुरा गरेका बालबालिकाहरूलाई विद्यालयमा स्थानान्तरण गरी अध्ययन कार्यलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहनमूलक कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६१. नगरपालिका भित्रका विद्यालयहरुले वार्षिक रुपमा लिने परीक्षाको उत्तरपुस्तिका परिक्षणमा एकरुपता कायम राख्न नगरपालिकामा ल्याई परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।

६२. सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक कर्मचारीका छोराछोरीहरु आफु कार्यरत विद्यालयमा पढाउने व्यवस्था मिलाउन प्रयास गरिने छ ।

६३. विद्यालयहरूको कक्षा कोठाको शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाइ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६४. बाल विकास केन्द्रको सिकाई उपलब्धिलाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि सहयोगी कार्यकर्तालाई तालिम प्रदान गरी प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

६५. नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि सम्बन्धित विद्यालय, अभिभावक र नगरपालिकाको साझेदारीमा तोकिएको मापदण्ड बमोजिम दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६६. भीरकोट नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भईसकेको सन्दर्भमा यसको निरन्तरता र दिगोपनाको लागि स्थानीय आमा समूह, युवा क्लब, टोल विकास संस्था, बाल क्लब, स्थानीय महिला स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थासंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ । साथै बालबालिकासँग जोडिने हरेक क्रियाकलापहरू बालमैत्री अवधारणा अनुरूप संचालन गरिनेछ ।

६७. नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा आवश्यकताका आधारमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका लागी विषयगत तथा तहगत आधारमा दरबन्दी एकिन गरी आवश्यकता अनुसार दरबन्दी मिलान गर्ने व्यवस्था मिलाइनेछ ।

६८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न र मूल्यांकन प्रणालीलाई विश्वसनीय बनाउने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६९. विद्यालयमा छात्राहरूको उपस्थितिमा नियमितताको लागि निःशुल्क रूपमा स्यानीटरी प्याड उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७०. भीरकोट प्रज्ञा प्रतिष्ठानको माध्यमद्वारा नगरक्षेत्र भित्र रहेका विभिन्न भाषाभाषी, रीतिरिवाज र धर्म, कला संस्कृतिहरूको अध्ययन/अनुसन्धान, संरक्षण, विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ।

७१. समय समयमा विभिन्न संघ संस्था वा विशेषज्ञको आर्थिक एवम प्राविधिक सहयोगमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

७२. प्रदेश सरकारको सहयोगमा भीरकोट नगरपालिका वडा नं. १ मा निर्माणाधीन खेलमैदानको स्तरोन्नति गर्न संघीय र प्रदेश सरकारसंग थप बजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

७३. नगरपालिकाको वडा नं. १ मा रहेको भीरकोट खेलमैदानको स्तरोन्नति र नयाँ ब्याडमिन्टन कभर्डहल निर्माण गर्न संघीय र प्रदेश सरकारसंग बजेट व्यवस्थापनको लागि पहल गरिनेछ ।

७४. बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गरि विद्यार्थी तथा युवाहरूलाई खेलप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइनेछ । यसका लागि एक वडा एक खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

७५. नगरपालिका क्षेत्र भित्र ९ वटै वडामा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्वा र मस्जिदहरूको संरक्षण र सम्र्बद्धन गर्ने व्यवस्था मिलाइनेछ ।

७६. नगरक्षेत्र भित्र रहेका विपन्न बर्ग तथा समूहको सीप तथा क्षमता विकासको लागि सचेतना र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७७. नगरक्षेत्रका सम्पूर्ण वडामा रहेका अल्पसंख्यक समूदायको भाषा, संस्कृति, परम्परा, जात्रा, नाच, आदिको संरक्षण र जगेर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

७८. नगरपालिका क्षेत्रमा रहेका महिलाहरूको क्षमता अभिवृद्धि र स्वरोजगार कार्यक्रम सञ्चालनको लागि महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. नगरक्षेत्रभित्र बसोबास गर्ने उद्यमी महिलाहरूको पहिचान गरी उनीहरूलाई संगठित गराई सबलीकरण गर्ने व्यवस्था मिलाईने छ ।

८०. भीरकोट नगरपालिकालाई बालविवाह मुक्त र बालश्रम रहित नगरपालिका बनाउन संचालन गरिएका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ।

८१. शिक्षण पेशालाई आकर्षक र मर्यादीत वनाउन विशेष प्याकेजको व्यवस्था मिलाइने छ ।

८२. वालवालिकाको शाररिक मानसिक र वौद्धिक विकासमा सहयोग पुर्याउन योग र ध्यान विषय स्थानीय कला,भाषा, नैतिक शिक्षा, संस्कृति, संस्कार, भेषभुषा धार्मिक पौराणिक विषयवस्तुहरुलाई स्थानीय पाठ्यक्रम (हाम्रो भीरकोट) समावेश गरिनेछ।

८३. नगरपालिकामा सञ्चालित गुरुकुल, गुम्बा, आश्रम लगायतका धार्मिक प्रकृतिका विद्यालयहरुलाई मुल प्रवाहमा ल्याउने व्यवस्था मिलाइनेछ ।

८४. प्रत्येक विद्यालयहरुमा खेलकुद क्लब स्थापना गरिनेछ ।

८५. नगर क्षेत्र भित्र रहेका एकल महिला तथा पुरुषहरुको पहिचान गरी संघीय सरकारद्वारा उपलब्ध गराइने सामाजिक सुरक्षाबाट विमुख नगरवासीहरुलाई प्रोत्साहनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

८६. नगर क्षेत्रभित्र रहेका महिला हिँसाबाट प्रभावित महिलाहरुको पुनर्स्थापनाका लागि हिँसा पिडीत उद्दार कोषको स्थापना गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।

**ग) आर्थिक विकासः**

८७. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ बमोजिम नगरक्षेत्र भित्रको जग्गालाई भुउपयोग क्षेत्रमा वर्गीकरण गरिने छ ।

८८. विगत ५ वर्ष देखि बाँझो रहेको जग्गा उपयोग गर्ने कृषकहरुलाई जग्गा उपयोग गरे वापत प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

८९. आम उपभोक्तालाइ गुणस्तरीय खाद्य सामग्री उपलब्धता र सुनिश्चिताका लागि बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाइने छ ।

९०. नगर क्षेत्र भित्र कृषि उत्पादनलाई बढावा दिन भौगोलिक आधारमा कृषि कार्यक्रम अगाडी वढाउने व्यवस्था मिलाइने छ ।

९१. कृषिको व्यवसायीकरण गर्ने कार्यक्रमको प्रभावकारीताका लागि एक वडा एक उत्पादन पकेट क्षेत्र निर्धारण तोकी सोही अनुसार कार्यक्रम अगाडी बढाइनेछ ।

९२. संघीय तथा प्रदेश सरकारबाट नगर क्षेत्रमा संचालन हुने आयोजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउनका लागि त्यस्ता आयोजनाको अनुगमन नगरस्तरबाट गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायसंग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइने छ ।

९३. नगरपालिकाभित्र मसलाजन्य बाली विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी बनाइने छ ।

९४. भीरकोट नगरपालिका क्षेत्रभित्र अन्नबाली, फलफुल र तरकारी बालीमा बाँदर लगायतका वन्यजन्तुले हानीनोक्सानी पुर्‍याईरहेकोले सम्बन्धित निकायसँग समन्वय गरी बाँदर नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ।

९५. नगरपालिका क्षेत्रभित्र रहेका गुठी सहितका सार्वजनिक जग्गा तथा सम्पत्तिको लगत तयार गरी संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

९६. विगत आर्थिक वर्षदेखि शुरू गरिएको एक घर एक करेसाबारी र एक गाउँ एक नर्सरी कार्यक्रमलाई निरन्तरता दिंदै त्यस्तो कार्यक्रम शुरू गर्ने कृषकहरूलाई आवश्यकता अनुसार मल, बिउ तथा कृषिजन्य आधुनिक उपकरणहरू ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

९७. नगरक्षेत्र भित्र व्यवसायिक फलफुल खेतीमा संलग्न कृषकहरूलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार ५० प्रतिशत अनुदानमा बेर्ना वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा कृषि ज्ञान केन्द्रसंगको समन्वयमा सुन्तलाको बगैंचा व्यवस्थापन, प्रशोधन केन्द्र स्थापना र बजारीकरणको लागि कार्यक्रम संचालन गरिनेछ ।

९९. नगरपालिका क्षेत्रभित्रका पशुपक्षी तथा कृषि बालीमा संलग्न कृषकहरू छनोट गरी उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।

१००. नगरपालिकामा उत्पादित अन्नबाली, फलफुल तथा तरकारी ढुवानीमा सहजता ल्याउन कृषि एम्बुलेन्स संचालन गर्नेतर्फ आवश्यक पहल गरिनेछ ।

१०१. नगरपालिकाका बजार क्षेत्रमा पशु वधशाला र मासु भण्डारणको लागि कोल्डस्टोर निर्माण गर्नका लागि संभाव्यता अध्ययन गर्ने कार्यको थालनी गरिनेछ ।

१०२. नगरक्षेत्र भित्र रहेका व्यावसायिक कृषकहरूलाई मागका आधारमा आवश्यक पर्ने तालिम तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

१०३. नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनुका साथै नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१०४. कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लगानीमा भीरकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरूमा मौरी ब्लक कार्यक्रमको निरन्तरताको लागि आवश्यक पहल गरिनेछ ।

१०५. नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरूमा व्यवसायिक रूपमा कृषि र पशुपालनमा संलग्न कृषकहरूको लगत तयार गरी प्रोत्साहन एवम् क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१०६. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरूमा पशु स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०७. नगरपालिका क्षेत्रभित्र कृषि बाली तथा पशुपंक्षीमा लाग्ने महामारीजन्य रोगको नियन्त्रण र निदानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१०८. नगरपालिकाभित्र मासु तथा दुध उत्पादनमा वृद्धि गरी आत्मनिर्भर हुनको लागि पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. नगरपालिकालाई दुध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउनका लागि दुग्ध उत्पादन सहकारी संस्था मार्फत् कृषकहरुलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने कार्य अगाडि बढाइनेछ ।

११०. नगरक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरूको खरीद तथा बिक्री वितरणमा सहजताको लागि भीरकोट उद्योग वाणिज्य संघसँगको समन्वयमा बजार क्षेत्रमा हाट बजार संचालन गर्न पहल गरिने छ ।

१११. नगरपालिका क्षेत्रभित्र स्थापित घरबास पर्यटन (होम स्टे) को प्रवर्द्धन र विकासको लागि पूर्वाधार निर्माण र क्षमता विकासका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

११२. नगरपालिकाको पर्यटकीय विकासको लागि विभिन्न स्थानहरुमा पर्यटन गतिविधी सम्वन्धी होडिङ वोर्ड र सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने नीति लिइने छ।

११३. प्यारागलाइडिङ्गको लागि उपयुक्त स्थानको रूपमा रहेको खिलुङ्ग क्षेत्रमा पूर्वाधार निर्माण र स्थानीय मौलिक संस्कृतिको जगेर्ना गरी उक्त क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न कार्यक्रम अगाडि बढाइनेछ ।

११४. धार्मिक तथा पर्यटकीय महत्वका मठ मन्दिर लगायतका स्थलहरूको संरक्षण विकास र प्रवर्द्धनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

११५. ऐतिहासिक पर्यटकीय खेलको पहिचान र पर्यटकीय पदमार्ग स्थलहरूमा पूर्वाधार निमार्ण गर्न संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ।

११६. स्थानीय स्तरमा लघु उद्यमी तयार गरी उनीहरूको ज्ञान, सीप र क्षमताको आधारमा लघु उद्योग स्थापना मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जनामा सहयोग पुऱ्याईरहेको लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिईनेछ ।

११७. नगरपालिकाबाट विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गरी सम्बन्धित विषयको ज्ञान र सीपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

११८. नगर क्षेत्रभित्र साना तथा लघु उद्यमी तयार गर्नका लागि सम्बन्धित निकायमा उद्योग दर्ता गरी प्रस्ताव सहित आउने उद्यमी वा उद्यमी समूहहरूलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११९. नगरपालिका क्षेत्रभित्र संभाव्यताको आधारमा कृषि तथा पशु विकासको लागि पकेट क्षेत्र तोक्ने व्यवस्था मिलाइने छ । ।

१२०. नगरपालिका क्षेत्रमा सञ्चालित उद्योग व्यवसायहरूको प्रवर्द्धनका लागि आवश्यक सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।

१२१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू छनौट गरी संघीय सरकारबाट उपलव्ध गराइने कार्यविधी अनुसार कार्यान्वयन गरिनेछ । यस्तो कार्यमा नगरपालिकाबाट वस्तुगत सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१२२. नगर क्षेत्र भित्र आगामी दिनमा सन्चालन गर्ने विकास आयोजनाहरुको आवश्यकताका विस्तृत परियोजना प्रतिवेदन (DPR) गरी पूर्वाधार निर्माण कार्य अगाडि बढाउनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र सहलगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. भीरकोट नगरपालिका वडा नं. १ फर्दबासमा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदी जन्य निर्माण सामग्रीको प्रशोधन गरी आम उपभोक्ताहरूलाई गुणस्तरीय निर्माण सामग्री उपलव्ध गराउनको लागि ग्रिजी स्क्रिनिङ भाइव्रेटर मेशिन स्थापना गरिएकोमा यसको प्रभावकारी संचालन र व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२४. नगरपालिकाका विभिन्न वडाहरूमा आइ.पि.एम. पाठशाला सञ्चालन गरिनुको साथै साना सिँचाई/थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रूपमा खेती गरी तरकारी खेतीमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२५. भीरकोट नगरपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रहरुको एकीकृत पर्यटन पुर्वाधार निर्माण गर्नको लागि गुरुयोजना तयार गरी निर्माण कार्य अगाडि वढाउन आवश्यक पहल गरिने छ ।

१२६. गण्डकी प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा भीरकोट नगरपालिकाका विभिन्न स्थानहरूमा रहेको खेतीयोग्य जमिनलाई चक्लाबन्दी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२७. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने व्यावसायिक कृषकहरूलाई उत्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाइनेछ। साथै पशुपंक्षी तथा बाली संरक्षणको लागि सरोकारवाला निकायहरूको समन्वयमा पशु तथा बाली बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

१२८. नगरपालिकामा स्थापना भएको माटो परीक्षण प्रयोगशालालाई विभिन्न वडाहरुमा घुम्ती शिवर गरी सवै कृषकहरुको पहुँचमा पुराउने व्यवस्था मिलाइने छ ।

१२९. प्रचलित कानुनको अधिनमा रही नगर क्षेत्र भित्र रहेका सार्वजनिक, सरकारी गुठी र बाँझो जग्गा उपयोगको लागि भुमि बैंक स्थापना गर्न पहल गरिने छ । भुमि बैंकमा रहेको जग्गाको उपयोग कृषि तथा पशुपालन व्यवसायको बिस्तार तथा व्यवसायीकरण गर्ने प्रयोजनको लागि कृषि फर्म, समुह वा व्यक्तिलाई उपलब्ध गराउने नीति लिइने छ ।

१३०. भीरकोट नगरपालिकालाई मासु तथा मासुजन्य पदार्थमा आत्म निर्भर गराउनको लागि संघीय तथा प्रदेश र नगरपालिकावाट विनियोजित वजेट सम्वन्धित कृषकहरुलाई सहलगानीका आधारमा अनुदान उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

१३१. कृषि तथा पशुपालन व्यवसायलाई व्यसायीकरण गर्नको लागि समयानुकुल प्रविधीमैत्री बनाउँदै लगिने छ । बजार तथा व्यवसायिक सेवा केन्द्रहरुमा समायानुकल विद्युतीय व्यापार (E-Commerce) को विकास गरिने छ ।

१३२. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तिय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व गर्ने गरी आवश्यक प्रवन्ध मिलाईनेछ ।

१३३. भीरकोट नगरपालिका क्षेत्रमा स्थानीय स्तरमा मदिरा उत्पादन गरी ब्राण्डिङ गर्नका लागि प्रदेश सरकार र संघीय सरकारसँग सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइने छ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

१३४. नगरक्षेत्र भित्र मानवीय तथा दैविक कारणबाट हुने आगलागी लगायतका विपदवाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न छिमेकी नगरपालिकाहरु सँगको सहकार्य र समन्वयमा तत्काल वारुणयन्त्र उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१३५. पर्यटकीय स्थलको प्रचुर सम्भावना बोकेको सुन्दरचौर वनस्पति सुचना केन्द्रको संरक्षण र विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१३६. नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक स्रोत तथा साधनको पहिचान संरक्षण र विकासका लागि आवश्यक कानुन निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

१३७. नगरपालिका क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखि वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने व्यवस्था मिलाइनेछ।

१३८. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गर्ने कार्यलाई बिस्तार गरी हरेक वडामा पुऱ्याइने छ र सो को लागि संकलन केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइनेछ । यसरी उत्सर्जन हुने फोहोरको वर्गिकरण गरी कुहिने फोहोरलाई उत्पादन स्थलमा नै प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ । नकुहिने खालका र पुनः प्रयोग गर्न सकिने फोहोरको विक्री मुल्य कायम गरी त्यसको समुचित व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ ।

१३९. सरसफाईका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी पूर्णसरसफाई युक्त नगरपालिका बनाउन शौचालय नभएका अति विपन्न नागरिक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामग्री सम्बन्धित टोल विकास समिति र वडा कार्यालयको सिफारसको आधारमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१४०. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने विभिन्न प्रकोपजन्य क्षतिलाई न्युनीकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१४१. राष्ट्रव्यापी समस्याका रुपमा रहेको बाँदरका कारण कृषि क्षेत्रमा परेको असरलाई न्युनीकरण गर्ने कार्यलाइ प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

१४२. भीरकोट नगरपालिकाको विपद प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिने छ ।

१४३. दहथुम प्रहरी चौकीको पक्की भवन निर्माणका लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापन र नगरपालिका स्तरीय रेन्ज पोष्ट नगरक्षेत्र भित्र स्थापना गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

१४४. नगरपालिका क्षेत्र भित्र पर्ने आँधीखोला, दरौंखोला, लुब्दीखोला लगायतका अन्य खोलानाला आसपासको उर्वर खेतीयोग्य जमिनको संरक्षण गरी नदी नियन्त्रणको लागि तटबन्धनका योजनाहरू सञ्चालन गर्नुका साथै आँधीखोलाको एकिकृत विकासको लागि गुरूयोजना वमोजिमका कार्यलाई अगाडि वढाइनेछ ।

१४५. सुन्दरचौर वनस्पति सूचना केन्द्रमा बोटानिकल पार्क निर्माण गरी पर्यापर्यटनको रूपमा विकास गर्न सम्बन्धित सरोकारवालाहरूसंगको सहकार्यमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

१४६. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी र चौतारीहरूको मर्मत सम्भार, जिर्णोद्वार र संरक्षण गरी अभिलेखीकरण गरिनेछ । पुरात्तात्विक तथा ऐतिहासिक महत्वका रूपमा रहेका पोखरी तथा ताल-तलैयाहरूको आवश्यकता अनुसार पुनःनिर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४७. नगरक्षेत्रभित्रका आयोजनाहरूवाट हुने वातावरणीय असरलाई न्यूनीकरण गर्ने उपायहरूको अबलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१४८. नगरपालिका क्षेत्रभित्र सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी उक्त क्षेत्रमा फलफूल लगायत आम्दानी हुने खालका विरुवाहरू रोप्ने कार्यलाई निरन्तरता दिइने छ ।

१४९. वातावरणीय प्रदुषण न्युनिकरण गर्न र सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१५०. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति र वन कार्यालयसँगको समन्वयमा सामुदायिक वनभित्र रहेका कुकाठ हटाई आय आर्जन गर्ने खालका रुख रोप्ने कार्य अगाडि बढाइनेछ । यसका लागि आवश्यक पर्ने कानूनको तर्जुमा गर्ने व्यवस्था मिलाइने छ ।

१५१. नगरपालिका क्षेत्रभित्र घनाबस्ती रहेका क्षेत्रहरूमा सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र सहलगानीमा ढल निकास व्यवस्थापनको कार्य अगाडि बढाइने छ ।

१५२. सामुदायिक वन क्षेत्रमा रहेका गैर काष्ठजन्य वन पैदावारको संरक्षण गरी स्थानीय जनताहरुको आय आर्जजनमा वृद्दि गर्ने कार्यलाई अगाडि वढाइने छ ।

१५३. नगरपालिकामा रहेका सबै सामुदायिक वनहरुवाट वन पैदावर बिक्री वितरण गर्दा राजश्व लिने व्यवस्था मिलाईने छ ।

१५४. नगरपालिकामा रहेका सवै सामुदायिक वनमा अग्निरेखा तयार गरी आगलागि नियन्त्रण गरिनेछ ।

१५५. सबै वडाहरुमा विपद् व्यवस्थापनमा आवश्यक न्युनतम सामग्री खरिद गरी विपद पुर्व तयारी कार्य सञ्चालन गरिने छ ।

## ङ) सुशासन तथा संस्थागत विकासः

१५६. आगामी आर्थिक वर्षको शुरुवात देखि नै नगरपालिकावाट हुने सवै प्रकारका वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन वमोजिम खरिद गर्ने व्यवस्था मिलाइने छ ।

१५७. आगामी आर्थिक वर्षको प्रारम्भ देखि नगरपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत प्रत्येक कर्मचारीहरुले वार्षिक रुपमा सम्पादन गर्नु पर्ने कार्य, जिम्मेवारी र कार्ययोजना तयार गरी सम्बन्धित शाखा प्रमुखहरुलाई उपलव्ध गराई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१५८. स्थानीय सरकार सञ्चालन ऐन-२०७४ बमोजिम नगरपालिकाको कार्य जिम्मेवारी अनुसार समयमै दर्ता तथा नविकरण भई सन्चालनमा रहेका अटो रिक्सा (३ पाङ्ग्रे सवारी साधन) कुनै कारणवस भवितव्यमा परी जनधनको क्षती हुन गएमा स्वीकृत कार्यविधीको आधारमा उचित क्षतीपुर्ती (आर्थिक सहयोग) दिने व्यवस्था मिलाइने छ।

१५९. स्थानीय सरकार ऐन, २०७४ मा भएको व्यवस्था अनुसार नगरपालिकामा संचालनमा रहेका र नयाँ दर्ता भइ संचालनमा आउने संघ संस्था र उद्योगको दर्ता तथा नवीकरण नगरपालिकाबाट हुने व्यवस्था मिलाउन लागि आवश्यक पहल गरिने छ ।

१६०. चालु आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारवाट प्राप्त बजेट सिलिङ बजेट सिमा वमोजिम समानिकरण र राजश्व बाँडफाँटमा उल्लेख भए बमोजिमको रकम निकासा प्राप्त नभएको हुँदा यस वर्ष सम्पन्न हुने कतिपय आयोजनाहरुको भुक्तानी हुन सक्ने अवस्था नरहेकोले यसवाट आगामी आर्थिक वर्षमा पर्न सक्ने थप व्ययभार कम गर्न चालु खर्चमा कटौती गर्ने नीति लिइनेछ ।

१६१. नगरपालिका भित्र संचालनमा रहेका प्यारागलाइडिङ्ग समेतका पर्यटकीय खेलहरुलाइ प्रचलित कानून अनुसार दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाइ त्यस्ता व्यवसायीहरुलाई करको दायरामा ल्याउने कार्य अगाडी बढाइने छ ।

१६२. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छिटो, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

१६३. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम करार सम्झौताको लागि म्याद थप गर्ने व्यवस्था मिलाइनेछ ।

१६४. नगपालिका र अन्तगतका वडा कार्यालयबाट संचालन हुने आयोजनाका लागि गठन हुने आयोजनाका उपभोक्ता समितिले बैंकमा खाता खोल्दा लाग्ने शुल्क न्युन गराउनका लागि सम्बन्धित बैंकसंग समन्वय गरिनेछ ।

१६५. नगरपालिका र वडा स्तरबाट सम्पादन हुने कामका लागि गठन हुने उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन र खर्च रकमको फरफारक लगायतका विषयमा आवश्यकता अनुसार तालिम दिने व्यवस्था मिलाइने छ ।

१६६. नगरपालिका र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुले खाइपाइ आएको सुविधा नेपाल सरकारले तोकेको न्युनतम पारश्रमिक भन्दा कम नहुने गरी मिलान गर्ने व्यवस्था मिलाइने छ ।

१६७. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ।

१६८. नगरसभा र नगर कार्यपालिकावाट तर्जुमा भई कार्यान्वयनमा रहेका ऐन, नियम, निर्देशिका र कार्यविधीहरु आवश्यकताका आधारमा संशोधन गर्ने व्यवस्था मिलाइने छ ।

१६९. न्यायिक समिति र अन्य उपसमितिका पदाधिकारीहरूको क्षमता विकासका लागि आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१७०. नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१७१. वडा कार्यालय अन्तरगत संचालन हुने आयोजनाहरुको अनुगमनका लागि वडा सदस्यहरु मार्फत गराउने व्यवस्थालाई प्रभावकारी रुपमा अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

१७२. नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरूलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१७३. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सेवाग्राहीप्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१७४. उत्कृष्ट काम गर्ने उपभोक्ता समितिहरूलाई उनीहरूले गरेको कार्यको कदरस्वरूप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१७५. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरू कार्यविधी स्वीकृत गरी  आवश्यकता र आर्थिक श्रोतको उपलब्धताको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

१७६. नगरपालिका र वडा कार्यालयहरूबाट संकलन गरिने कर, दस्तुर, सेवा शुल्कजस्ता कर तथा गैरकर राजस्व संकलनको कार्यलाई सहज र सूचना प्रविधिमैत्री बनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन नगरपालिका र अन्तर्गतका वडाहरूमा Web Based सफ्टवेयरलाई प्रभावकारी रूपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७७. नगरपालिकाको नीति, निर्णय, योजना तथा कार्यक्रम कार्यान्वयनमा वेवास्ता तथा अवरोध गर्ने व्यक्ति, संस्था वा निकायहरूलाई विषयबस्तुको गाम्भिर्यता यकिन गरी नगरपालिका वा अन्तर्गतका कार्यालयहरूबाट उपलब्ध गराईने सेवाबाट वञ्चित गर्न सकिनेछ ।

१७८. नगरपालिकाबाट तयार गरिएको डिजिटल प्रोफाइलमा वडा कार्यालयहरूबाट तथ्याङ्क अद्यावधिक गरी यसलाई सुचनाको श्रोतको रूपमा उपयोग गरिनेछ ।

१७९. नगरपालिका क्षेत्रभित्र भवन तथा सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको भवन निर्माण सम्बन्धी व्यवस्था तथा स्वीकृत नगर सडक यातायात गुरूयोजनामा तोकिएको मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१८०. नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरूको योगदानमा आधारित अवकाश कोषको सञ्चालन कार्यविधिको तयारी, स्वीकृति र रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

१८१. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित

ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न तयार गरिएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१८२. नगरपालिका र अन्तर्गतका वडामा कार्यरत पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्न कम्प्युटर लगायतका सूचना प्रविधि सम्वन्धी विषयमा आवश्यकताका आधारमा तालिम कार्यक्रम संचालन गरिनेछ।

१८३. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार व्यवसाय, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरू समेतको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१८४. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र सवै वडाहरुमा विस्तार गरिनेछ ।

१८५. विगत देखि नगरपालिकामा कार्यरत प्रहरी कर्मचारीको कार्यबोझ समेतलाई विचार गरी दरवन्दी पुनरावलोकन गर्ने व्यवस्था मिलाइने छ ।

१८६. वडा कार्यालयहरूबाट प्रदान गरिने सेवा सुविधालाई सुरक्षित, प्रविधिमैत्री तथा अनुगमनयोग्य बनाउनका लागि आफ्नो भवन भएका वडा कार्यालयहरूमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई क्रमशः अगाडि वढाईनेछ ।

१८७. नगरपालिकाको शान्ति सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनका लागि बयरघारी बजार क्षेत्रमा इलाका प्रहरी कार्यालय र वडा नं. ३ लगायतका अन्य आवश्यक स्थानहरूमा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१८८. नगरक्षेत्रमा बिगतदेखि प्रचलनमा रहेका करका दर र दायरालाई आवश्यकता अनुसार परिमार्जन गरी नगरक्षेत्र भित्र बिगतमा मापदण्ड विपरित बनेका संरचनाहरूलाई करको दायरामा ल्याउने व्यवस्थालाइ कडाईका साथ कार्यान्वयन गरिने छ ।

१८९. नगरपालिका र वडा कार्यालयहरूबाट सम्पादन हुने कामलाई सूचना प्रविधिमैत्री बनाईनेछ । यसका लागि नगरपालिका र सबै वडा कार्यालयहरूमा भरपर्दो इन्टरनेट सेवाको सुनिश्चितताको लागि ईन्टरनेट सेवाप्रदायक संस्थासँग सम्झौता गरिनेछ ।

नगर सभासदस्यज्यूहरु

अन्त्यमा

आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि ,राष्ट्र सेवक कर्मचारीहरु, राजनैतिक दल, संचारकर्मी निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरू, संघ संस्था प्रमुखहरू लगायत सम्पूर्ण नगरवासीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।